# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, माघ ४ गते, २०७५ साल (अतिरिक्ताङ्क २०

## भाग २

### प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ (१) को अधिकार प्रयोग गरी प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सगरमाथा टिन्स क्लब (एसटीसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५

प्रस्तावना : प्रदेश नं. १ मा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई लागू औषधका बारेमा "म अघि बढ्छु" कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुमा शैक्षिक जनचेतना जगाई नैतिक,

चरित्रवान, जिम्मेवार र असल नागरीकका रुपमा समाजमा स्थापित गर्न कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरी प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयको अधिकार क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्न सगरमाथा टिन्स क्लव (एसटीसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ लागू गरीएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "सगरमाथा टिन्स क्लब (एसटीसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "कार्यविधि" भन्नाले सगरमाथा टिन्स क्लब (एसटीसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिलाई जनाउँछ ।

(ख) "सामुदायिक तथा संस्थागत विद्यालय" भन्नाले प्रदेश नम्वर १ मा संचालित सामुदायिक तथा संस्थागत विद्यालयलाई जनाउँछ ।

(ग) "किशोर किशोरी" भन्नाले प्रदेश नम्वर १ अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा पढने कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुलाई जनाउँछ।





(घ) "कार्यक्रम कार्यन्वयन संयन्त्र" भन्नाले परिच्छेद ३ मा व्यवस्था भए बमोजिम निर्देशक तथा अनुगमन समिति सम्झनुपर्छ र सो शब्दले अन्य समिति समेतलाई जनाउँछ ।

(ङ) "सगरमाथा टिन्स क्लब (एसटीसी)" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीहरुको क्लवलाई जनाउँछ । अंग्रेजीमा सो शब्दले SAGARMATHA TEENS' CLUB (STC) लाई जनाउँछ ।

(च) "लागूऔषध" भन्नाले लागूऔषघ ऐन २०३३ को दफा २ ले गाजा, औषधि उपयोगी गाजा, अफिम, तयारी अफिम, औषधि उपयोगी अफिम, कोकाको झार र पात, अफिम र कोकाको सारतत्व, मिश्रण वा लवण समेत मिसाई तयार गरीने कुनै पदार्थलाई जनाउँछ ।

(छ) "लागूऔषध प्रयोगकर्ता" भन्नाले स्वीकृत प्राप्त चिकित्सकको सिफारिस अनुसारको र परिमाण भन्दा बढि वा विना सिफारिस लागू औषध सेवन गर्ने व्यक्तिलाई जनाउँछ ।

(ज) "सामाजिक कार्य" भन्नाले गाउँघर, विद्यालय घरवरपर तथा वातावरणीय सरसफाई, वातावरण संरक्षण, बृक्षारोपण, प्रकोपका वेला सहयोग, लागूपदार्थ दुर्व्यसन विरुद्दको अभियानहरु, सामाजिक कुरीति विरुद्धमा अभियानहरु, लैंगिक हिंसा विरुद्धका अभियान, सकारात्मक सोच

विकास गर्ने खालका अभियान, ट्राफिक सचेतना आदि कार्यलाई जनाउँछ ।

(झ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्लाई जनाउँछ।

(ञ) "मन्त्रालय" भन्नाले प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई जनाउँछ र सो शब्दले दफा ६ को उपदफा (१) बमोजिमको प्रयोजनको लागि सामाजिक विकास मन्त्रालय समेतलाई जनाउँछ ।

(ट) "स्थानीय तह" भन्नाले प्रदेश नं. १ भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई जनाउँछ ।

## परिच्छेद २

## कार्यविधिको उद्देश्य, कार्यक्रम तथा क्रियाकलाप सञ्चालन सम्बन्धी

३. **कार्यविधिको उद्देश्य** : प्रदेश नं. १ अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीहरुलाई लागूपदार्थ दुर्व्यसनको कुलत तथा प्रयोग गर्नबाट निरुत्साहित गरी नैतिक, जिम्मेवार तथा असल नागरीकका रुपमा सामाजिक दायित्व निर्वाह गर्ने सम्बन्धमा यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ;-

(क) विद्यालयमा आधारित सचेतना तथा जागरणमुलक कार्यक्रम संचालन गर्ने,





(ख) लागूऔषध दुर्व्यसनको प्रयोग लाई न्यूनीकरण गर्ने शैक्षिक चेतनामूलक, पाठयक्रम, तालिम निर्देशिका तथा कार्यक्रम संचालन गर्ने,

(ग) नैतिक जिम्मेवार तथा सामाजिक दायित्व निर्वाह गर्न सक्ने नागरीक तयार गर्न आधार बनाउने,

(घ) लागूऔषध रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष एवम् परोक्ष रुपमा सरोकार राख्ने अन्य नीतिहरु बिच तादाम्यता कायम गर्ने,

(ङ) किशोर किशोरीलाई वातावरण संरक्षण, प्रकोप व्यवस्थापन तथा नैतिक दायित्व जिम्मेवार नागरीक बन्न उत्प्रेरणा जगाउने,

(च) लागूऔषध विरुद्धको अभियानमा आमसंचार माध्यमलाई परिचालन गर्ने तथा सूचना प्रवाहमा व्यापकता ल्याउने,

(छ) लागूऔषधको नियन्त्रण, प्रकोप व्यवस्थापन कार्यमा सहकार्यका लागि स्थानीय समूह तथा समिति निर्माण गरी व्यापक सहभागिता प्रवर्द्धन गर्ने,

(ज) स्थानीय विद्यालयस्तरमा लागूपदार्थ दुर्व्यसन निराकरण, प्रकोप सचेतना, नैतिक शिक्षा तथा उद्यमी बन्न उत्प्रेरणा जगाउन किशोर किशोरीको व्यापक सहभागितामा (टिन्स क्लब) क्लब गठन गरी त्यस्को क्षमता विकास गर्ने,

(झ) लागूपदार्थ दुर्व्यसन निराकरण, प्रकोप व्यवस्थापन तथा नैतिक शिक्षा सम्वन्धी तालिम संचालन गर्न सक्ने जनशक्ति तयार गर्ने ।

४. **कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्ने** : दफा ३ को खण्ड (क) देखि (झ) सम्मका उद्देश्यहरु पूर्ति गर्न उपयुक्त कार्यक्रम, तालिम तथा क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## लक्षित वर्ग, कार्यक्रम कार्यान्वयन संयन्त्र सम्बन्धी व्यवस्था

५. लक्षित वर्ग सम्बन्धी व्यवस्था : (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम, तालिम तथा क्रियाकलापमा सम्पन्न गर्ने कार्यका लागि प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरुमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर तथा किशोरीहरु मुख्य लक्षित वर्ग हुनेछन् ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पन्न गर्न सम्बन्धित संघ संस्था तथा व्यक्तिहरु, समिति, विद्यालय, सरकारी निकाय सहयोगीका रुपमा रहनेछन् ।

६. निर्देशक तथा अनुगमन समिति सम्बन्धी व्यवस्था : (१) कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन गर्न देहायका सदस्यहरु रहेको एक निर्देशक तथा अनुगमन समिति रहनेछ ।

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय – संयोजक

(ख) प्रमुख सचिव, प्रदेश सरकार – सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(घ) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय – सदस्य

(ङ) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित विषयका अन्य सरकारी निकाय र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

७. निर्देशक तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार : (१) निर्देशक तथा अनुगमन समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-





(क) कार्यक्रम सञ्चालनको लागि कार्ययोजनाहरु स्वीकृति गर्ने,

(ख) कार्यक्रमको अनुगमन, मूल्याकन तथा यसको प्रभावकारीता, गुणस्तरीयता कायम गर्ने, सम्वन्धित संयन्त्रहरुलाई आवश्यक निर्देशन, सुझाव , सल्लाह दिने,

(ग) कार्यक्रमको अवधारणा, प्रकृया, गुणस्तरीयता नीति निर्देशन अनुसार कार्यक्रम संचालन हुन नसकेमा अथवा गठन भएका संयन्त्र समितिहरुले काम, कर्तव्य र अधिकारहरु प्रभावकारी ढंगबाट गर्न .नसकेको लागेमा निर्देशक तथा अनुगमन समितिले उक्त संयन्त्र खारेज गरी पुंनः अर्को संयन्त्र गठन गर्न सक्नेछ,

(घ) कार्यक्रमलाई प्रभावपूर्ण रुपमा सञ्चालन गर्न थप आवश्यक देखिएका कार्यहरु गर्ने ।

(२) निर्देशक तथा अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

८. सल्लाहकार समिति :- (१) निर्देशक तथा अनुगमन समिति, कार्यक्रम कार्यान्वयन तथा संयोजन समिति र जिल्ला स्तरीय अनुगमन समितिलाई राय, सल्लाह र सुझाव दिन सम्वन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने देहाय बमोजिमको सल्लाहकार समिति रहनेछ:-

(क) प्रतिनिधि सभा सदस्य

(ख) राष्ट्रिय सभा सदस्य

(ग) प्रदेश सभाका सदस्य

(घ) जिल्ला समन्वय समितिको प्रमुख

(२) उपदफा (१) बमोजिमको समितिको संयोजक प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने माननीय सदस्य मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

९. कार्यक्रम कार्यान्वयन तथा संयोजन समिति : (१) कार्यक्रम सम्पादन तथा कार्यान्वयनको लागि देहायको एक कार्यक्रम कार्यान्वियन तथा संयोजन समिति रहनेछ ।

(क) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक

(ख) प्रहरी प्रमुख, १ नं. प्रदेश प्रहरी कार्यालय -सदस्य

(ग) सशस्त्र प्रहरी प्रमुख, सशस्त्र प्रहरी बल नेपाल प्रदेश प्रमुख - सदस्य

(घ) राष्ट्रिय अनुसन्धान प्रमुख, प्रदेश नं. १ -सदस्य

(ङ) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) महाशाखा प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय - सदस्य

(छ) संयोजक, कार्यक्रम समन्वय इकाई - सदस्य

(ज) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकृत स्तरका प्रतिनिधि - सदस्य

(झ) कानून अधिकृत, कानून तर्जुमा महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ञ) शाखा अधिकृत, प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको बैठकमा समितिले आवश्यकता अनुसार सुरक्षा निकाय लगायत विभिन्न क्षेत्रका सरोकारवाला व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

१०. कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिको काम, कर्तव्य र अधिकार : कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;-





(क) निर्देशक तथा अनुगमन समितिले तय गरेका कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन गर्ने/ गराउने,

(ख) कार्यक्रम लाई प्रभावकारी बनाउन मेनुयल बनाउने, तालिमहरु सञ्चालन गराउने, आवश्यक नीति नियमहरु तयार गर्ने/गराउने,

(ग) संयन्त्रको क्षमता विकास गर्ने/गराउने,

(घ) कार्यक्रम बार्षिक बजेटको व्यवस्थापन तथा खर्चको व्यवस्थापन गर्न लेखाजोखा तथा अभिलेखिकरण गर्न सहयोग गर्ने ।

११. समन्वय एकाई गठन गर्ने : (१) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मन्त्रालयमा छुट्टै समन्वय इकाई गठन गरीनेछ ।

(२) निर्देशक तथा अनुगमन समितिको संयोजकले कार्यक्रम समन्वय इकाईको संयोजक नियुक्ति गर्नेछ साथै मन्त्रालयले एकजना सम्पर्क व्यक्ति (Focal Person) तोक्नेछ ।

(३) कार्यक्रम समन्वय इकाईको संयोजकको योग्यता, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था कार्यक्रममा विनियोजित बजेटको सिमामा रहि निर्देशक तथा अनुगमन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(४) कार्यक्रम समन्वय इकाईको संयोजकको काम, कर्तव्य, अधिकार र जिम्मेवारी कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिले तोके बमोजिम हुनेछ ।

१२. जिल्लास्तरीय अनुगमन समिति : (१) कार्यक्रमको प्रभावकारीता तथा गुणिस्तरीयताका लागि मन्त्रालयको समन्वयमा जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमका सदस्य रहने गरी एक अनुगमन समिति रहनेछ ;-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक
(ख) जिल्ला समन्वय अधिकारी -सदस्य
(ग) नेपाल प्रहरी जिल्ला प्रमुख - सदस्य
(घ) सशस्त्र प्रहरी जिल्ला स्थित प्रमुख - सदस्य
(ङ) राष्ट्रिय अनुसन्धान जिल्ला प्रमुख - सदस्य
(च) जिल्ला रेडक्रसको प्रतिनिधि - सदस्य
(छ) उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य
(ज) पत्रकार महासंघ अध्यक्ष/प्रतिनिधि - सदस्य
(झ) शिक्षक महासंघको प्रतिनिधि - सदस्य
(ञ) प्याप्सन/एन प्याप्सन/ हिसान प्रतिनिधि - सदस्य
(ट) लागूऔषध क्षेत्रमा काम गर्ने जिल्ला स्तरिय संघसंस्थाको प्रतिनिधित्व गर्ने गरी निर्देशक समितिले मनोनयन गरेको ३ जना - सदस्य
(ठ) शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख वा अधिकृत प्रतिनिधि -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले कार्यक्रमलाई जिल्ला तहमा प्रभावकारी रुपमा सञ्चालन गर्न निर्देशक तथा अनुगमन समितिको समन्वयमा कार्यक्रमको अनुगमन गरी निर्देशक तथा अनुगमन समिति तथा कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिमा आवश्यक पृष्ठपोषण गर्नुपर्नेछ ।

१३. स्थानीय तहस्तरीय समन्वय तथा सहजीकरण समिति : (१) स्थानीय तहमा कार्यक्रमलाई समन्वय तथा सहजीकरण गर्न स्थानीय तहका प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक समन्वय तथा सहजीकरण समिति गठन गरिनेछ ।

(क) महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाउँपालिका प्रमुख - अध्यक्ष
(ख) उपप्रमुख - सदस्य





(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(घ) सामाजिक समिति संयोजक - सदस्य
(ङ) शिक्षा समन्वय इकाइ - सदस्य
(च) पालिकास्तरीय बालसंजालबाट २ जना - सदस्य
(छ) किशोर किशोरी समूहबाट १ जना - सदस्य
(ज) मनोसामाजिक कर्ताबाट १ जना - सदस्य
(झ) लागूऔषध विरुद्ध काम गर्ने अभियन्ता वा संस्था बाट १ जना - सदस्य
(ञ) विद्यालय मध्येबाट १ जना - सदस्य
(ट) महिला संजालबाट १ जना - सदस्य
(ठ) ज्येष्ठ नागरीक मंचबाट १ जना - सदस्य
(ड) गाउँस्तरीय रेडक्रसबाट १ जना - सदस्य
(ढ) उद्योग वाणिज्य संघबाट १ जना - सदस्य
(ण) स्थानीय प्रहरी कार्यालयबाट १ जना - सदस्य
(त) लागूऔषध सम्बन्धि खोज पत्रकारिता गर्ने पत्रकार मध्येबाट १ जना - सदस्य
(थ) सामाजिक शाखा प्रमुख एक जना - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आफ्ना क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कार्यक्रम संचालन गर्न आवश्यक सहयोग र समन्वय गर्नेछ ।

१४. विद्यालय तहको कार्यक्रम कार्यान्वयन समिति : (१) विद्यालयमा सगरमाथा टिन्स क्लव गठन गरी कार्यक्रम सञ्चालन गर्न/गराउन सम्बन्धित विद्यालयमा प्रधानाध्यापकको संयोजकत्वमा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ ;

(क) सम्वन्धित विद्यालयका प्रधानाध्यापक - संयोजक
(ख) महिला शिक्षक (जेन्डर फोकल पर्सन) एक जना - सदस्य
(ग) विद्यालयमा गठित किशोर किशोरी क्लबबाट २ जना - सदस्य
(घ) अभिभावकबाट एक जना - सदस्य
(ङ) स्वास्थ्य विषयका शिक्षक मध्येबाट एक जना - सदस्य
(च) शिक्षक नायक - सदस्य- सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले विद्यालयमा सगरमाथा टिन्स क्लव गठन गरी कार्यक्रमहरु संचालन गर्ने/गराउनेछ ।

१५. सगरमाथा टिन्स क्लव (एसटीसी) गठन : (१) विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुले आफूहरुमध्येबाट छनौट गरेका देहाय बमोजिमको सदस्य रहेको एक टिन्स क्लव गठन हुनेछ;

(क) अध्यक्ष - एक जना
(ख) उपाध्यक्ष - दुई जना (छात्र र छात्रा)
(ग) सचिव - एक जना
(घ) कोषाध्यक्ष - एक जना
(ङ) सदस्य - दश जना (समावेशी रुपमा)

(२) टिन्स क्लवले विद्यार्थीहरुको रुची र क्षमता अनुसार उपयुक्त ठानिएका विषयमा उपसमिति बनाई जिम्मेवारी तोक्न सक्नेछ ।

१६. सगरमाथा टिन्स क्लबको काम, कर्तव्य र अधिकार : सगरमाथा टिन्स क्लवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) किशोर किशोरीलाई शैक्षिक सचेतना कार्यक्रम संचालन गर्ने,





(ख) क्लबको आवश्यकता अनुसार नियमति बैठक बस्ने र साप्ताहिक, मासिक तथा बार्षिक कार्ययोजना तयार गर्ने,

(ग) क्लबले संचालन गरेका गतिविधिहरुको अभिलेख राखि सूचना पाटीमा टाँस गर्ने,

(घ) विद्यालय स्तरमा भएका किशोर किशोरीहरुको समस्याहरु पहिचान गरी त्यसका समाधानका लागि सम्वन्धित निकायमा जानकारी गराउने र शैक्षिक अभियान कार्यक्रम संचालन गर्न उत्प्रेरणा जमाउने,

(ङ) किशोर किशोरी माथि हुने हिसा, दुर्व्यवहार, शोषण, विभेद, बालविवाह जस्ता क्रियाकलापहरु रोक्न सचेतना मूलक कार्यक्रमहरु संचालन गर्ने,

(च) विद्यालय व्यवस्थापन तथा स्थानीय सरोकारवाला संयन्त्रसँग क्लबको सस्थागत विकासका लागि समन्वय तथा सम्वन्ध विस्तार गर्ने,

(छ) किशोर किशोरीहरुको आफु भित्र रहेको प्रतिभा, खुवीलाई उजागर गर्न तथा लागूपदार्थ दुर्व्यसन, चेलिबेटी बेचबिखनको विरुद्धको अभियान, सामाजिक क्रियाकलाप, प्राकृतिक प्रकोप जस्ता सचेतनामूलक कार्यक्रमहरु गर्ने, चित्रकला प्रतियोगिता, वक्तृत्वकला, बादविवाद, हाजिरीजवाफ, निवन्ध, खेलकुद, कविता लेखन, गीतसंगीत, नाटक, अन्तरकृया, वृतचित्र, सकारात्मक सन्देशमूलक र्याली तथा जुलुश, फोटो प्रदर्शनी, भित्तेलेखन, पम्पलेट पर्चा, पोष्टर वितरणका कामहरु गर्ने,

(ज) विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकसँग समन्वय गरी कार्यक्रमहरु संचालन गर्ने,

(झ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेका सन्देशमूलक, शिक्षाप्रद, मनोरञ्जनात्मक विषयहरुमा विद्यालय तहमा कार्यक्रम सञ्चालन गर्न मन्त्रालयहरुसँग अनुरोध गर्ने,

(ञ) सामाजिक क्रियाकलापमा सहभागीता जनाउने ।

## परिच्छेद - ४
## विविध

१७. **बजेट सम्बन्धी व्यवस्था** : मन्त्रालयको स्वीकृत वार्षिक नीति तथा कार्यक्रममा विनियोजन भएको रकमबाट यस कार्यविधिको उद्देश्य पूर्ति गर्न प्रचलित ऐन कानूनको अधिनमा रही रकम खर्च गर्नुपर्नेछ ।

१८. **कार्यक्रम कार्यान्वयन गर्न मार्ग दर्शन बनाउने** : यस कार्यविधिको उद्देश्य पूर्तिका लागि मन्त्रालयले आवश्यक मार्ग निर्देशन लगायतका सूचना मूलक सामग्री तयारी गर्न सक्नेछ ।

१९. **कार्यविधिमा संशोधन** : यस कार्यविधिमा समय अनुकुल कुनै संशोधन गर्नुपरेमा प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२०. **वाधा अड्काउ फुकाउने** : यो कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा मन्त्रालयले यो कार्यविधिको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. **कार्यक्रमको अवधि** : कार्यक्रमको अवधि बहुवर्षिय हुन सक्नेछ ।





२२. **खारेजी र बचाउ** : यस कार्यविधि बमोजिमको कार्यसम्पन्न गर्न आगामी वर्षदेखि बजेट विनियोजन नभएमा वा कार्यक्रमको प्रभावकारिता नदेखिएमा निर्देशक तथा अनुगमन समितिले कार्यक्रम खारेज गर्न सक्नेछ । यसरी कार्यक्रम खारेज भएमा यो कार्यविधि स्वतः निष्कृय भएको मानिनेछ ।

प्रमाणीकरण मितिः- २०७५/१०/०४

आज्ञाले,<br>
गोपाल प्रसाद पराजुली<br>
**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.ह.द.नं. १६।२०६२।६३